सार्वजनिक वित्त परिचालनमा असन्तुलन

पुँजीगत खर्च ९६ अर्ब मात्रै हुँदा सार्वजनिक ऋण साढे दुई खर्बले बढ्यो

कृष्ण रिजाल/नयाँ पत्रिका

सार्वजनिक वित्त परिचालनको असन्तुलन बिग्रँदै गएको सरकारी तथ्यांकले देखाएको छ। चालू आर्थिक वर्षको नौ महिनामा सरकारले पुँजीगततर्फ गरेको कुल खर्चभन्दा सार्वजनिक ऋणको परिचालन साढे दुई गुणा बढी देखिएको हो।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चैत मसान्तसम्मा सरकारले कुल ९६ अर्ब १९ करोड ५१ लाख पुँजीगत खर्च गरेको छ। तर, यही अवधिमा सार्वजनिक ऋण भने दुई खर्ब ५९ अर्ब ७० करोड ९६ लाखले बढेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ। दुई सरकारी निकायको तथ्यांकलाई तुलना गर्दा सरकारले पुँजी निर्माणमा जति खर्च गरेको छ त्यसको तुलनामा एक खर्ब ६३ अर्ब ५१ करोडले बढी ऋण परिचालन गरेको हो।

ऋण बढ्ने, ऋण सेवामा हुने खर्च बढ्ने, तर पुँजी निर्माण नबढ्ने प्रवृत्ति आफैँमा आत्मघाती हुने राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन्। 'खासगरी कुन आन्तरिक ऋण कुन परियोजनामा के कति खर्च भइरहेको छ भन्ने कुनै तथ्यांक छैन, राजस्व कम भएको अवस्थामा तलब भत्तामै खर्च भइरहेको हुन्छ' उनले भने।'

चैत मसान्तसम्म लक्ष्यको ५८.४५ प्रतिशत सार्वजनिक ऋण परिचालन गरेको छ। जबकी पुँजीगत खर्च भने वार्षिक लक्ष्यको २३.५८ प्रतिशत मात्रै हुन सकेको छ। त्यस्तै, राजस्व परिचालन वार्षिक लक्ष्यको तुलनामा ५९.८८ प्रतिशतबराबर हुन सकेको छ। चैत मसान्तसम्म सरकारले कुल आठ खर्ब ८६ अर्ब २८ करोड राजस्व संकलन गर्न सकेको छ। तर, राजस्वले अनिवार्य दायित्वको खर्चसमेत धान्न सकेको देखिँदैन। यस अवधिमा चालूतर्फ सात खर्ब ४७ अर्ब ५२ करोड र वित्तीय व्यवस्थातर्फ दुई खर्ब १६ अर्ब २३ करोड रुपैयाँ खर्च गरेको छ। चालू र वित्तीय व्यवस्थातर्फ भएको कुल खर्च नौ खर्ब ६३ अर्ब ७५ करोडको तुलनामा राजस्व संकलन ७७ अर्ब ४७ करोडले कमी देखिन्छ।

सार्वजनिक वित्त व्यवस्थापन आत्मघाती ढंगले भइरहेको छ

डा. प्रकाशकुमार श्रेष्ठ, पूर्वउपाध्यक्ष, योजना आयोग

सार्वजनिक वित्त व्यवस्थापन आत्मघाती ढंगले भइरहेको छ, यसमा सुधार गर्न सकेनौँ भने हामी गम्भीर समस्यामा फस्नेछौँ। सार्वजनिक खर्चको आकार बढ्दै गए पनि त्यसले अर्थतन्त्रमा योगदान गर्न सकेको देखिँदैन। सरकारले कि त राजस्व बढाउन सक्नुपर्छ, होइन भने खर्च घटाउनुपर्छ।

जिडिपीको ४८ प्रतिशत कुल ऋण

नेपालको भुक्तानी गर्नुपर्ने कुल सार्वजनिक ऋण २९ खर्ब ३३ अर्ब ७९ करोड ४६ लाख रुपैयाँबराबर पुगेको छ। भुक्तानी गर्न बाँकी कुल ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी)सँगको तुलनामा ४८.०४ प्रतिशत बराबर हो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयकाअनुसार कुल ऋण मध्ये आन्तरिक ऋण दायित्व १३ खर्ब ८८ अर्ब ११ करोड ५७ लाख र बाह्य ऋण दायित्वतर्फ १५ खर्ब ४५ अर्ब ६७ करोड ८९ लाख रुपैयाँ रहेको छ। जिडिपीको तुलनामा आन्तरिक ऋण २२.७३ प्रतिशत र बाह्य ऋण २५.३१ प्रतिशत हो।

गत असार मसान्तसम्ममा नेपालले भुक्तान गर्न बाँकी सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड ७७ लाख रुपैयाँ रहेको थियो। यस अवधिमा नेपालले तीन खर्ब ४८ अर्ब १५ करोड ५१ लाख रुपैयाँ प्राप्ति र दुई खर्ब चार अर्ब १६ करोड ५४ अर्ब रुपैयाँ भुक्तानी गरेको छ।

■ सार्वजनिक खरिद ऐन संशोधन गरिँदै

१५ प्रतिशतमाथिको मूल्य समायोजन अधिकार अब विभागीय प्रमुखलाई

पूर्वतयारीका सबै काम सकेपछि मात्रै ठेक्का आह्वान

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अब सरकारी ठेक्कामा १५ प्रतिशतभन्दा माथिको भेरिएसन (मूल्य समायोजन)मा विभागीय प्रमुखले नै आदेश जारी गर्न पाउने प्रस्ताव गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मस्यौदामा १५ प्रतिशतमाथिको भेरिएसनमा विभागीय प्रमुखले नै निर्णय गर्न सक्ने प्रस्ताव गरिएको हो।

मस्यौदा अनुसार ५ प्रतिशतसम्मको भेरिएसनमा तृतीय श्रेणी, १० प्रतिशतसम्मको भेरिएसनमा द्वितीय श्रेणी र १५ प्रतिशतसम्मको भेरिएसनमा प्रथम श्रेणीका कर्मचारी तथा प्रमुखले निर्णय गर्न सक्नेछन्। १५ प्रतिशतभन्दा माथिको भेरिएसनमा भने विभागीय प्रमुखले निर्णय गर्न सक्ने प्रस्ताव मस्यौदामा उल्लेख छ।

अहिले पाँच प्रतिशतसम्मको भेरिएसनमा द्वितीय श्रेणी, १० प्रतिशतसम्मको भेरिएसनमा प्रथम श्रेणी र १५ प्रतिशतसम्मको भेरिएसनमा विभागीय प्रमुखलाई निर्णय गर्न पाउने अधिकार छ। त्यसभन्दा माथि १५ देखि २५ प्रतिशतसम्मको भेरिएसनमा सम्बन्धित मन्त्रालयको सचिव र २५ प्रतिशतभन्दा माथिको भेरिएसनमा मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने व्यवस्था छ।

नयाँ व्यवस्था लागू भएमा भेरिएसनका लागि मन्त्रालय र मन्त्रिपरिषद् धाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पूर्वसचिव केशव शर्माले भेरिएसनसम्बन्धी प्रक्रियालाई सहज बनाउन खोजेको देखिएको तर, यसको दुरुपयोग नहुने गरी सन्तुलित व्यवस्था ल्याउनुपर्ने बताए। हाल यो मस्यौदा सुझाव संकलनको चरणमा छ। प्राप्तको सुझावको आधारमा मस्यौदा संशोधन गरेर प्रतिनिधिसभामा दर्ता गराउने तयारी छ। 'मस्यौदा हेर्दा भेरिएसनलाई सहज नै बनाउन खोजिएको छ। १५ प्रतिशतमाथिको भेरिएसनमा विभागीय प्रमुखले नै निर्णय गर्न सक्ने प्रस्ताव गरिएको छ,' उनले भने, 'तर, यसको दुरुपयोग नहुने गरी सन्तुलित व्यवस्था बनाउनुपर्छ। बरु, यसमा अधिकतम सीमा पनि तोक्नुपर्ने हो कि, त्यसतर्फ पनि छलफल गर्नुपर्छ।'

डिजिटल मार्केट प्लेस सञ्चालन गर्ने, सोझै खरिद गर्न पाइने मालसमान तथा सेवा खरिदलाई सहज बनाउन सरकारले छुट्टै ई-मार्केटप्लेस पनि सञ्चालन गर्ने प्रस्ताव गरिएको छ। मस्यौदाअनुसार यो ई-मार्केटप्लेस सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालन गर्नेछ। त्यसमा प्रकाशित मालसमान तथा सेवा तोकिएको सीमामा रहेर सरकारी निकायले सोझै खरिद गर्न पाउने प्रस्ताव गरिएको छ। 'सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिएबमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिनेछ,' मस्यौदामा भनिएको छ, 'ई-मार्केटप्लेस प्रणालीमा मालसामान तथा सेवाको विवरण प्रकाशन गर्ने तथा खरिद गर्नेसम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।' यो नीतिले आपत्कालीन समयमा सरकारलाई वस्तु तथा सेवा खरिद गर्न सहज हुने पूर्वसचिव शर्मा बताउँछन्।

यसैगरी मल, औषधि वा सूचना प्रविधि पनि छुट्टै कार्यविधि बनाएर खरिद गर्न पाउने प्रस्ताव गरिएको छ। त्यसका लागि लागत अनुमान, मूल्यवृद्धि, बोलपत्रदाताको ग्राह्यता, जमानतलगायतका विषयमा कार्यविधि बनाउनुपर्ने प्रस्ताव गरिएको छ। यस्तै, सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि तोकिएबमोजिमको कार्यविधि बनाएर जग्गा खरिद गर्न सक्ने प्रस्ताव गरिएको छ।

मोबिलाइजेसन पेस्कीमा कडाइ, शीर्षक तोकेर दिनुपर्ने

ठेक्का सम्झौतापछि ठेकेदारलाई दिइने २० प्रतिशत पेस्कीलाई पनि कडाइ गर्न खोजिएको छ। हाल यस्तो पेस्की बैंक ग्यारेन्टीका आधारमा विनासर्त भुक्तानी गरिने व्यवस्था छ। तर, अब शीर्षक खुलाएर मात्रै यस्तो पेस्की भुक्तानी गरिने प्रस्ताव गरिएको छ। जसमा बैंक ग्यारेन्टी अनिवार्य गरिएको छ।

निर्माण कार्य सुरु गर्न आवश्यक पर्ने निर्माणस्थल तयारी, अस्थायी क्याम्प, कामदारको व्यवस्था तथा कामदार आवासगृह, मेसिन उपकरण व्यवस्थापनजस्ता कार्यका लागि र मालसामान आपूर्तिका लागि पेस्की दिन सकिनेछ। परामर्श सेवाको हकमा आवश्यकता र औचित्य हेरी आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई २० प्रतिशतमा नबढ्ने गरी मोबिलाइजेसन पेस्की दिन सकिने मस्यौदामा उल्लेख छ।

तोडिएको ठेक्कामा हटाइयो 'सरकारी बाँकी सरह' शब्द

ऐन संशोधनको मस्यौदामा ठेक्का तोडिएपछि बाँकी कामलाई आवश्यक पर्ने रकम साबिककै ठेकेदारबाट असुल गर्ने व्यवस्था कायमै राखिएको छ। तर, त्यसमा 'सरकारी बाँकी सरह' भन्ने शब्द हटाइएको छ। प्रचलित ऐनमा 'सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ,' भन्ने व्यवस्था छ। प्रस्तावित ऐनमा यो व्यवस्था कायमै राखेर 'सरकारी बाँकी सरह' भन्ने शब्द हटाइएको छ।

पूर्वतयारी सकिएपछि मात्रै ठेक्का

मस्यौदामार्फत पूर्वतयारीका काम नसकिएसम्म ठेक्का आह्वान गर्न नपाउने प्रस्ताव गरिएको छ। सार्वजनिक खरिद कार्यसँग सम्बन्धित पदाधिकारीले परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृति नभएसम्म ठेक्का आह्वान नै गर्न नपाउने प्रस्ताव गरिएको छ। रुख कटानीको स्वीकृतिदेखि मुआब्जाको बजेट विनियोजन भएपछि मात्रै ठेक्का आह्वान गर्नुपर्ने प्रस्ताव गरिएको छ। अन्यथा सम्बन्धित पदाधिकारीलाई कारबाही गरिने प्रस्तावमा उल्लेख छ।

छिटो काम सक्ने कर्मचारीलाई प्रोत्साहन सुविधा, ठेकेदारलाई नगद पुरस्कार

मस्यौदामार्फत निर्धारित समयअघि नै काम सम्पन्न गराउने कर्मचारीलाई प्रोत्साहन सुविधा र ठेकेदारलाई नगद पुरस्कार दिने प्रस्ताव गरिएको छ। 'खरिदसम्बन्धी कार्य निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रूपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न कर्मचारीलाई तोकिएबमोजिम प्रोत्साहन सुविधा दिन सक्नेछ,' मस्यौदामा भनिएको छ।

ठेकेदारलाई भने नगद पुरस्कार दिने प्रस्ताव गरिएको छ। 'निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रूपमा निर्माणसम्बन्धी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कारस्वरूप तोकिएबमोजिमको रकम र प्रशंसापत्र दिन सक्नेछ,' मस्यौदामा भनिएको छ। यसअघि छिटो काम सक्ने ठेकेदारलाई 'बोनस' दिने अभ्यास थियो। तर, त्यसमा महालेखाले बेरुजु देखाएपछि अघि बढ्न सकेन।

ठुला र जटिल परियोजनामा इपिसीदेखि टर्न कीसम्मका ठेक्का

ठुला र जटिल परियोजनामा इन्जिनियरिङ, प्रोक्योर्मेन्ट एन्ड कन्स्ट्रक्सन (इपिसी)लगायतका मोडेलमा ठेक्का लगाउन सकिने गरी विशेष व्यवस्था प्रस्ताव गरिएको छ।

'सार्वजनिक निकायले मध्यम, ठुला र जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने आयोजनाहरूको लागि तोकिएबमोजिमको अधिकारीबाट स्वीकृति लिई इपिसी डिजाइन र निर्माण, हाइब्रिड एन्युइटी मोडेल वा टर्न की सम्झौताका माध्यमबाट खरिद गर्न सक्नेछ,' मस्यौदामा भनिएको छ।

पहिलोपटक पेट्रोलभन्दा डिजेल महँगो

नयाँ पत्रिका

आयल निगमले बुधबार रातिबाट लागू हुने गरी डिजेलको मूल्यवृद्धि गरेसँगै नेपाली बजारमा पहिलोपटक डिजेल पेट्रोलभन्दा महँगो भएको छ। आयल निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार ५६ वर्षभन्दा बढी समयदेखि पेट्रोलियमको कारोबार भइरहेको इतिहासमा पहिलोपटक डिजेलको भाउले पेट्रोललाई उछिनेको हो। 'इतिहासमै पहिलोपटक डिजेलको भाउ पेट्रोलभन्दा माथि गएको छ,' उनले भने, 'यसका पछाडि धेरै कारण छन्।' निगमले अहिले इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट डिजेल प्रतिलिटर दुई सय ८० रुपैयाँका दरले खरिद गरिरहेको छ। पेट्रोलको खरिद मूल्य भने प्रतिलिटर एक सय ५० रुपैयाँ छ।

यसरी पेट्रोलको तुलनामा डिजेलको खरिद मूल्य नै एक सय ३० रुपैयाँ बढी छ। मूल्यवृद्धि गर्दा डिजेलको भाउ प्रतिलिटर दुई सय ३७ रुपैयाँ निर्धारण गरेको छ। यो भाउ हालसम्मकै उच्च मात्र होइन, पहिलोपटक पेट्रोलको भन्दा बढी हुने गरी निर्धारित मूल्यसमेत हो। अहिले पेट्रोलको मूल्य काठमाडौं उपत्यकामा प्रतिलिटर २ सय १९ रुपैयाँ तोकिएको छ। 'डिजेलको प्रशोधन शुल्क पेट्रोलको तुलनामा सधैँ बढी नै हुन्छ, तर यसपटक यति उच्च छ कि कसैको अनुमान पनि मेल खाइरहेको छैन' उनले भने 'मानिलिनुस्, अहिले कच्चा तेलको भाउ प्रतिब्यारेल १ सय डलरआसपास छ भने ५० देखि ६० डलर प्रतिब्यारेलमा पेट्रोल प्रशोधन भइरहेको छ। तर, त्यहीं कच्चा पदार्थमा निस्कने डिजेलको प्रशोधन शुल्क भने २ सय डलर प्रतिब्यारेल पुगेको छ।'

एकातिर कच्चा तेलको अकासिदो भाउ, अर्कातिर डिजेलको प्रशोधन शुल्कमा आएको बढोत्तरीका कारण पहिलोपटक डिजेलको भाउले पेट्रोललाई उछिनेको उनले बताए। 'कच्चा तेल प्रशोधन गर्दा सुरुमा पेट्रोल निकालिन्छ, त्यसपछि मात्रै डिजेल' उनले भने, 'अर्कातिर, प्रत्येकपटक कच्चा तेल प्रशोधन गर्दा पेट्रोल धेरै र डिजेल कम निस्कने गर्छ।' प्रशोधनका क्रममा तुलनात्मक रूपमा थोरै परिमाण निस्कने र दोस्रो चरणको प्रशोधनमा मात्र डिजेल उत्पादन हुने भएकाले पनि लागत उच्च पर्ने गरेको ठाकुरले जानकारी दिए।

तेस्रो कारण हो करनीति, नेपालले डिजेलको तुलनामा पेट्रोलमा बढी कर लगाएर पेट्रोलको भाउ उच्च राख्दै आएको थियो, तर दुई साताअघि सरकारले पेट्रोलमा लाग्दै करमा प्रतिलिटर १७.६३ र डिजेलमा लाग्दै आएको करमा प्रतिलिटर ११ रुपैयाँ घटाउने निर्णय गरेको थियो। करछुटपछि अहिले पेट्रोलमा ५२.९४ रुपैयाँ प्रतिलिटर कर लगाइएको छ भने डिजेलमा ३६.४१ रुपैयाँ कर लगाइएको छ। निगम प्रवक्ता ठाकुरले पेट्रोलमा खासै घाटा-नाफा नरहेकाले स्वचालित मूल्य प्रणालीअनुसार जहाँ घाटा, त्यहाँ नै मूल्य वृद्धि गर्ने निर्णय भएको बताए।

बिहीबार ३३.८३ अंकले घट्यो नेप्से

काठमाडौं/ सेयर बजारमा दोहोरो अंकको गिरावट आएको छ। बिहीबार बजार ३३.८३ अंकले घटेर नेप्से परिसूचक दुई हजार ८३३.०३ विन्दु कायम भएको हो।

यस्तै, दुई करोड सात लाख ४३ हजार कित्ता सेयर नौ अर्ब ३१ करोड २८ लाख ६० हजार रुपैयाँबराबरमा खरिद-बिक्री भएको छ। बुधबार सवा १० अर्बभन्दा बढीको सेयर कारोबार भएको थियो। बिहीबार नेप्सेका १३ वटै समूहको सूचकमा गिरावट देखिएको छ।

बजार घटे पनि पाँच कम्पनीका लगानीकर्ता सर्वाधिक कमाउने सूचकको शीर्ष स्थानमा छन्। रिजलाइन इनर्जी, सूर्यकुण्ड हाइड्रो, होटेल फरेस्ट इन, पाल्पा सिमेन्ट र शिखर पावरको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। सर्वाधिक घटेका सिन्धु विकास बैंक, भूगोल इनर्जी र भुजुङ हाइड्रोका लगानीकर्ताले ९.४७ देखि ७.३९ प्रतिशतसम्म गुमाएका छन्।

■ ऊर्जामन्त्रीको ३२ बुँदे निर्देशन

३० दिनभित्र 'ह्विलिङ चार्ज' निर्धारण, आयोजनाको लाइसेन्स अवधि ५० वर्ष

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् बजार सुधारदेखि सिँचाइ प्रणाली सुदृढीकरणसम्मका विषयलाई समेटर ३२ बुँदे निर्देशन जारी गरेका छन्। मातहतका निकायहरूलाई सबै कार्य योजना तोकिएको समयसीमाभित्र कार्यान्वयन गर्न मन्त्री श्रेष्ठले बिहीबार स्पष्ट जिम्मेवारी तोकिदिएका छन्। साथै, नियमित रूपमा अनुगमनसमेत हुने उनले बताएका छन्।

विद्युत् नियमन आयोगलाई 'ओपन एक्सेस' प्रणाली कार्यान्वयनका लागि ३० दिनभित्र आवश्यक 'ह्विलिङ चार्ज' निर्धारण गर्न निर्देशनमा भनिएको छ। यसले निजी तथा सार्वजनिक क्षेत्रबिच प्रतिस्पर्धात्मक विद्युत् कारोबारको ढोका खोल्ने अपेक्षा गरिएको छ। त्यस्तै, नेपाल विद्युत् प्राधिकरणलाई हालसम्मका सबै पिपिए (विद्युत् खरिद सम्झौता) विवादहरूको सूची र समाधानका विकल्पसहित प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ। विद्यमान पिपिएमध्ये सञ्चालनमा रहेका, ढिलाइ भएका र जोखिममा रहेका आयोजनामा वर्गीकरण गरी स्पष्ट अवस्थासहितको प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ। यस निर्णयले लगानीकर्ताको विश्वास बढाउने र अवरुद्ध आयोजनाहरूको समाधानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। जलाशययुक्त आयोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले यस्ता आयोजनाको अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने गरी नीति ल्याइने भएको छ। हाल विद्युत् आयोजनाको लाइसेन्सको अवधि ३५ वर्षको छ। विद्युत् नियमन आयोग, विद्युत् उत्पादन कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई कार्यसम्पादन, जिम्मेवारीमा रहेको दोहोरोपन र सुधारका आवश्यक पक्ष पहिचान गरी ३० दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ।

यसैगरी, विद्युत् विकास विभागलाई ६० दिनभित्र देशभरका सबै जलविद्युत् आयोजनाका सर्वेक्षण तथा निर्माण अनुमतिपत्रहरूको विस्तृत विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ। यसमा अनुमतिपत्र जारी मिति, प्रगति, माइलस्टोन र अनुपालन अवस्था समावेश हुनेछ। सार्वजनिक रूपमा पहुँच योग्य 'लाइसेन्स पर्फर्मेन्स ड्यासबोर्ड' स्थापना गरी मासिक अद्यावधिक गर्ने योजना पनि अघि सारिएको छ। नयाँ जलविद्युत् आयोजना अघि बढाउँदा 'ग्रिड इभ्याकुएसन' अर्थात् उत्पादित विद्युत् प्रसारण गर्न सक्ने पूर्वाधारलाई अनिवार्य पूर्वसर्त बनाइएको छ। अब नेपाल विद्युत् प्राधिकरण र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले आवश्यक प्रसारण लाइन र सबस्टेसनको क्षमता सुनिश्चित गरेपछि मात्र नयाँ निर्माण अनुमतिपत्र जारी हुनेछ। ऊर्जा क्षेत्रको नयाँ आयामका रूपमा 'कार्बन रेभिन्यु युनिट' स्थापना गरिने भएको छ। नेपाल पावर ट्रेडिङ कम्पनीलाई पूर्ण रूपमा सक्रिय बनाउँदै दीर्घकालीन विद्युत् निर्यात मार्गचित्र तयार गरिनेछ।

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, अमरगढी शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/०४ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ माघ महिना ०५ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, डडेल्धुरा प्रा.फ.नं. २९/१३०५/०७४/०७५ कायम भई मिति २०७४/०४/३१ मा दर्ता भएको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ५ स्थित **रुपाली सप्लायर्स (प्रोप्राइटर - दिपेन्द्र रुपाली)...१**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
नर बहादुर खडायतको छोरी, भिम बहादुर रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **गौरी देवी रूपाली...१**
धन बहादुर रूपालीको नाती, हरि लाल रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **भिम बहादुर रूपाली...१**
हरि लाल रूपालीको नाती, भिम बहादुर रूपालीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ११ बस्ने **दिपेन्द्र रूपाली...१**
वीर बहादुर देउवाको छोरी, दिपेन्द्र रूपालीको श्रीमती, डडेल्धुरा जिल्ला, मष्टानाण्डौ गा.वि.स. वडा नं. ४ बस्ने **जेनिशा देउवा...१**
धितो सुरक्षणको विवरण :
गौरी देवी रूपालीको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेस्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स./न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८च) को क्रमशः कित्ता नं. ४७४, ४७८, ३२९ र ४७६ को क्रमशः ०-०-०-३, १-०-१-०, ०-०-१-० र ०-०-२-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा अमरगढी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल वैशाख महिना २४ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल वैशाख महिना २८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०१/०४

यस सा व.उ.स.बाट संकलित खयर काठ ३५२.४३ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

भर्याङगालाम सा. वन उपभोक्ता समूह, ऋषिङ ३, तनहूँ

सच्याईएको सम्बन्धमा

मिति २०८२/१२/२० मा "नयाँ पत्रिका" राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको १५ दिने धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी सूचना मुताबिक महाराजगञ्ज शाखाको ऋणी पि. एण्ड पि. तयारी कपडा उद्योग प्रा.लि. र जिवनराज खत्री तथा कल्पना खत्रीको सूचना मुताबिक धितो विवरणमा कि.नं.१९९२ र १९९४ को विवरण हटाइ अन्य विवरण यथावत रहने गरी सच्याईएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५२२८२२९, ५२४२५३०
ईमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/०४

कम्पनी ऐन, २०६३ को दफा (५) को उपदफा (१) बमोजिम स्थापना भएको प्रा.लि. दर्ता नं.: २५३१८१/७७/७८ को जयश्री हेल्थकेयर प्रा.लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त सिनर्जी न्यूट्राटेक प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सिनर्जी न्यूट्राटेक प्रा.लि.
चैनपुर, लिपनीमल
बारा, नेपाल